भ्वाइस सेवा प्रदायकहरुले संचालन गर्ने/गरिरहेको Festival Offer र Promotional Offer का सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यासहरुको समेत अध्ययन तथा बिश्लेषण गरी तयार पारिएको संलग्न बमोजिमको **"प्राधिकरणबाट अनुमतिपत्र प्राप्त भ्वाईस सेवा प्रदायकहरुले विभिन्न किसिमका Offer लागू गर्दा पालना गर्नु पर्ने शर्त बन्देज (Terms & Condition) हरु सम्बन्धी व्यवस्थाहरु"** सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि प्राधिकरण website (https://nta.gov.np/page/consultations) मा उपलब्ध रहेको व्यहोरा जानकारी गराउँदछौं । उक्त (Terms & Condition) उपर कुनै राय सुझाव तथा सल्लाह भए मिति २०८०/०४/२४ (09 august 2023) भित्र उपलब्ध गराईदिनु हुन् सादर अनुरोध छ ।


**नेपाल दूरसञ्चार प्राधिकरण**

**राष्ट्रिय नाचघर, जमल, काठमाण्डौ**

**GPO Box :9754**

**सम्पर्क नम्बर -०१-५३५५४७४ फ्याक्स: +९७७-०१-५३५५२५०**

**इमेल ठेगाना : info@nta.gov.np/ntra@nta.gov.np**

## प्राधिकरणबाट अनुमतिपत्र प्राप्त भ्वाईस सेवा प्रदायकहरुले विभिन्न किसिमका Offer लागू गर्दा पालना गर्नु पर्ने शर्त बन्देज (Terms & Condition) हरु सम्बन्धी व्यवस्थाहरु

१) प्राधिकरणबाट अनुमतिपत्र प्राप्त भ्वाईस सेवा प्रदायकहरुले छोटो समयावधिको लागि प्रत्येक आर्थिक बर्षमा Festival Offer र Promotional Offer गरि २ (दुई) किसिमका Offer हरु संचालन गर्न पाउनेछ | यसरी Offer हरु संचालन गर्दा एक पटकमा बढीमा १० (दश) वटा सम्म मात्र र एक आर्थिक बर्षमा बढीमा कुल १०० (सय) वटा सम्म मात्र विभिन्न किसिमका Product/Package हरु Festival Offer को रूपमा लागू गर्न सक्नेछ भने एक आर्थिक बर्षमा बढीमा २५ वटा सम्म विभिन्न किसिमका Product/Package हरु Promotional Offer को रुपमा लागू गर्न सक्नेछ | साथै Festival Offer संचालन गर्न पाउने अधिकतम् समयसिमा १५ (पन्ध्र) दिनको हुनेछ भने Promotional Offer संचालन गर्न पाउने अधिकतम् समयसिमा ३ (तिन) महिनाको हुनेछ | यसरी Offer मार्फत लागू हुने Product/Package हरु गणना गर्दा शुल्क/महशुलदर, समयावधि, सुबिधा लगायतका बिषयहरु फरक परेको खण्डमा उक्त Product/Package हरुलाई छुट्टाछुटै मानिनेछ |

२) नेपाल सरकारले तोकेको विभिन्न किसिमका चाडपर्व, उत्सव तथा दिवसहरुको उपलक्ष्यमा सेवा प्रदायकहरुको प्राधिकरणबाट स्वीकृत नियमित शुल्क/महशुलदर (Regular Standard Approved Tariff) भन्दा थप सहुलियत तथा सुबिधा उपभोक्ताले प्राप्त गर्ने गरि विभिन्न किसिमका Product/Package हरु Festival Offer को रुपमा संचालन गर्नु पर्नेछ |

३) प्राधिकरणबाट स्वीकृत गरिएको स्वीकृत नियमित शुल्क/महशुलदर (Regular Standard Approved Tariff) संग सम्बन्धित विभिन्न किसिमका Product/Package हरु भन्दा फरक किसिमका विशेषता (Feature) भएको Product/Package हरु लाई Promotional Offer को रुपमा संचालन गर्नु पर्नेछ |

४) शर्त नं १ बमोजिम संचालन गर्ने Festival Offer र Promotional Offer हरु लागू गर्नु पूर्व कम्तिमा ७ (दिन) अगाडी नै प्राधिकरणलई पूर्व जानकारी गराएर मात्र लागू गर्नु पर्नेछ | यसरि प्राधिकरणलाई पूर्व जानकारी गराउदा निवेदनमा सम्बन्धित Offer लागू हुने मिति स्पष्ट उल्लेख गर्नु पर्नेछ |

५) बुंदा नं ३ बमोजिमको Festival Offer संचालन गर्दा उपभोक्ताले थप सहुलियत तथा थप सुबिधा नपाउने भएमा उक्त Product/Package हरु Festival Offer को रुपमा पुनः संचालन गर्न पाउने छैन |

६) बुंदा नं ४ बमोजिम संचालन हुने Promotional Offer पुनः लागू गर्नु पर्ने भएमा सम्बन्धित सेवा प्रदायकहरुले समयमानै सम्बन्धित Product/Package हरुको शुल्क/महशुलदर को नियमित स्थायी स्वीकृतिको लागि नियमानुसार प्राधिकरण समक्ष निवेदन दिनुपर्नेछ |

७) शर्त नं १ बमोजिम संचालन गर्ने Festivel Offer र Promotional Offer हरु लागू गर्नु उपभोक्ता तथा सर्वसाधारणलाई समेत सूचना मार्फत पूर्व जानाकरी गराउनु पर्नेछ | यसरि लागू गरिएको Festivel Offer र Promotional Offer हरु उपभोक्ताले तोकिएको समयसीमाभित्र व्यावहारिक रुपमा उपभोग गर्न सक्ने Offer हरु मात्र लागू गर्नु पर्नेछ |

८) शर्त नं १ बमोजिम संचालन गर्ने Festival Offer र Promotional Offer हरु लागू गर्दा के कति कारणले Offer को रुपमा लागू गरेको हो ? सो को स्पष्ट व्यहोरा खुलाई प्राधिकरणलाई जानकारी गराउनु पर्नेछ |

९) बुँदा नं. १ मा उल्लेखित Promotional Offer को संख्या अपुग भएमा सेवा प्रदायकले नेपाल दूरसञ्चार प्राधिकरणसँग आवश्यक समन्वय गर्न सक्नेछ र सो सम्बन्धमा नेपाल दूरसञ्चार प्राधिकरणले आवश्यक निर्णय गर्न सक्नेछ |